# पाठ ३ दैनिक जीवनका जानकारीहरु

## १ दैनिक जीवनमा उपयोग हुने जापानिज संस्कृति र शिष्टाचार

सजिलो सँग जीवनयापन गर्न का लागि जापानिज संस्कृति र शिष्टाचारहरुको राम्रो ज्ञानहुनु महत्वपूर्ण छ ।
तपाईंहरुको निर्देशनका लागि दैनिक जीवनमा उपयोगहुने सामान्य जापानिज संस्कृति र शिष्टाचारहरुको छोटो निर्देशन तल दिईएको छ।


### (१) जापानीज अभीवादन

ओहायोगोजाइमास: शुभ - प्रभात
कोन्नीचिवा: दिउसोको अभीवादन
कोन्वान्वा: साँझको अभीवादन





### (२) दैनिक सिस्टाचार (खाना पकाउंदाको आवज)

जापान को शहरी क्षेत्रमा घरहरु नजिकै बनाइएका हुन्छन । विशेस गरी अपार्टमेन्टको भवनहरुको भित्ता साह्रैनै पातला हुन्छन र आवज सजिलै सुनिन्छ । आफ्ना छिमेकीहरुको बारेमा बिचरशिल भई कृपया सकेसम्म आवजलाई न्युनिकरण गर्नुहोस।
प्रकृतिक रूपमा हामी एक आर्का भन्दा भिन्नै प्रकारको जीवनयापन र सन्स्कारको पालना गर्छौं। हामी आशा राखौं यस्तो भिन्नताले खासै एक अर्कालाई धेरै नराम्रो असर नपरोस । विशेष वास्ना आउने खानेकुरा पकाउंदा वास्न आफ्नो कोठाबाट बाहिर नजाओस भनी सचेत रहनुहोला ।



### (३) सार्वजनिक स्थलमा मोबाईल चलाऊँदा


गाडी, रेल र लिफ्टमा भएको बेला कृपया फोनमा नबोल्नुहोला साथै आफ्नो फोन साईलेन्ट मोडमा अथवा बन्द गर्नुहोला ।






### (४) जुत्ता फुकाल्ने सन्स्कार

अरु ब्यक्तिको घर छिर्दा जुत्ता खोल्नुहोला,घर भित्र लगाउने चप्पल  चाँही लगाउन पाईन्छ तर तातामी म्याट भएको कोठामा चप्पल खोल्नुपर्छ ।



### (५) ट्राफिक चिन्हहरुको पालना गर्नुहोस

पैदाल यात्रिहरु दाहिने तर्फ बाट र सवारि साधनहरु, साइकलहरु देब्रेतर्फ बाट जानुपर्छ । फूटपाथमा  पैदाल यात्रीहरु लाई सर्वप्रथम प्राथमिकता दिईनेछ  ।



## (१)पैदालयात्रिहरु:

◯सडकको पेटी वा बाटोको छेउतिर हिंड्नुहोस। सडकको पेटी नभएको खन्डमा सडकको दाहिनेतिर हिंड्नुहोस।

◯बाटोमा स्पस्टता कम भएको बेला सुरक्षाको लागि बाटोमा रोकेर राम्रो सँग दाँया बाँया हेरेर मात्र हिंड्नु होल।

## (२) साइकलहरु:

◯साइकल चलाउंदा देब्रेतर्फ चलाउनुहोला । ( दाहिनेतर्फ चलाउन मनाही छ । )
निम्न खन्डमा सडकको पेटी प्रयोग गर्ने अनुमती पाईन्छ ।

- साइकल चलाउन पाईन्छ भन्ने साइनबोर्ड भएको बाटोमा ।
- १६ बर्ष भन्दा कम ७० वा सो भन्दा बढी उमेरको भएमा वा शरीरिक रूपमा असक्त भएमा ।
- अपरिहार्य परिस्थिती जस्ताई सडक निर्माणको काम भईराखेको अवस्थामा ।

◯अहिले साइकल चढ्ने बेला सक्दो कोसिस गरी हेल्मेट लगाउनु पर्ने नियम बनेको छ। साइकल चढ्दा त्यसैको लागि तयार पारिएको हेल्मेट लगाऔं।

◯मादिरा पान , एक हातमा छाता अथवा अन्य केही समान लिएर एक हातले , सँगसँगै दुई जान भएर साइकल चलाऊन मनाही छ । साइकल चलाउंदा सम्पूर्ण ट्राफिक नियमको
पालना गर्नुहोस: राती मा बत्ती बल्ने , ट्राफिक लाइट हेरी सुरक्षाको निस्चित गर्नुहोस ।

◯टोक्यो जिल्लामा साइकल प्रयोग गर्ने व्यक्तिले दुर्घटनाको नोक्सानीको क्षतिपूर्ति गर्न सक्ने बिमा आदिमा आबद्ध हुने आदेश दिइएको छ। अनिवार्य रूपमा बिमामा आबद्ध होऔं।

◯चोरीबाट जोगिनको लागि साइकलको प्रयोगकर्तालाई साइकलमा चाबी लगाउने आदेश दिइएको छ। अपराध रोकथामको लागि साइकलको दर्ता अनिवार्य रूपमा गरी साइकल पार्क गर्दा नबिर्सीकन साइकलमा चाबी लगाऔं।



## (३) अबैधानिक रूपमा पार्क गरिएका साइकलहरु:

अबैधानिक रूपमा सडकमा पार्क गरिएका साइकलहरुले दुर्घटना निम्त्याउने वा ट्राफिक जाम गराउन सक्छन। आपत्कालिन अवस्थामा पनि सुरक्षामा खतरा निम्त्याउन सक्छन। कृपया साइकल लटको प्रयोग गर्नुहोस् ।
कुनै पनि रेल वा साबवे स्टेसनको नजिक्मा साइकल पार्क गर्न कनुनी रूपमा निषेध गरिएको छ । कृपया खतराको चिन्ह भएको साइनबोर्डलाई ध्यान दिनुहोला ।
यदी माथि उल्लेखित स्थानमा बाहेक साधन पार्क गरेको फेल परेमा जफत गरी माल सामान भण्डार गर्ने स्थानमा रखीएको हुन्छ ।





### (४) सार्वजनिक स्थलमा मोबाईल चलाउँदा

जफत गरिएको साइकल आदि भण्डारण केन्द्रमा भण्डार गरिनेछ। उक्त साइकल भण्डार गर्ने भण्डारण केन्द्र चाहिँ जफत गरिएको स्टेशन / ठेगाना अनुसार फरक हुन्छ।

•फिर्ता पाउने मिति: सार्वजनिक बिदा र डिसेम्बर २९ देखि जनवरी ३ तारिखसम्मका दिनहरूबाहेक हरेक दिन

•फिर्ता पाउने समय: ११:००-१९:००

•भण्डारणको म्याद: सामान्यतः ३० दिन

•पुनः प्राप्त गर्नको लागि आवश्यक कुराहरू

(१) प्राप्त गर्न आउने व्यक्तिको परिचय खुलाउने पत्र आदि

(२) साइकल आदिको चाबी

(३) जफत दस्तुर (साइकल ३,००० येन; मोटरद्वारा सञ्चालित साइकल ५,००० येन)

※जफत दस्तुरको छुट: चोरी भएको साइकल भए पनि सामान्यतः जफत दस्तुर लगाइनेछ। तर जफत मितिसम्म प्रहरी चौकीमा साइकल चोरी भएको रिपोर्ट पेस गरिएको थियो भने जफत दस्तुरको छुट पाउने सम्भावना भएको हुनाले पहिला सम्पर्क गरेर सोधपुछ गर्नुहोस्।

•भण्डारण केन्द्रको सूची

१) साइकल आदि छोडिराख्न निषेध गरिएको क्षेत्रमा जफत गरिएको खण्डमा


| भण्डारण केन्द्रको नाम | ठेगाना र फोन नम्बर | जफत गरिएको स्टेसन |
|---|---|---|
| पहिलो भण्डारण केन्द्र (हेइवाजमिा आकासेपुलमुनि पश्चमि) | हेइवाजिमा १ चोमे २ अगाडि ☎03-3765-5161 | ओमोरी, ओमोरी-काइगान, हेइवाजमिा, ओमोरचिो, उमेयाशकिि, स्योवाजमिा, र्‍युचु-सेन्ता, इकेगामी, मागोमे, नशिी-मागोमे, ओओकायामा, कति-सेन्जोकु, देन-एन्चोफु, तामागावा, नुमाबे, उनोकी, नागाहारा, सेन्जोका-इके, ईसकिावादाइ, युकगिाया-ओचुका, ओन्ताके-सान, कुगाहारा, चदिौरचिो |
| दोस्रो भण्डारण केन्द्र (मयिाको-ओओहासीमुनि) | हेइवाजिमा ५ चोमे १ अगाडि ☎03-3765-5162 | कामाता पूरव नकिास |
| तेस्रो भण्डारण केन्द्र (मयिाको-ओओहासीमुनि) | हेइवानोमोरि-कोएन २ अगाडि ☎03-3765-5163 | कामाता पश्चमि नकिास, यागुचनिोवातासी, मुसासी-सनि्देन, समिोमारुको, हासुनुमा |
| छैटौँ भण्डारण केन्द्र (रोकुगोबासीमुनि) | नाकारोकुगो ४ चोमे ३० ☎03-3736-0372 | केइक्यु-कामाता, जोउसकिी, रोकुगो-दोते, कोजयिा, ओ-तोरई, आनामोरि-इनारी, तेन्कु-बासी |

२) साइकल आदि छोडिराख्न निषेध गरिएको क्षेत्र भन्दा बाहिर जफत गरिएको खण्डमा

| भण्डारण केन्द्रको नाम | जफत गरिएको क्षेत्र (प१६) |
|---|---|
| पहलिो भण्डारण केन्द्र (हेइवाजमिा आकासेपुल मुनि) | क्षेत्रीय पूर्वाधार विकास डिभिजन १ र ३ भित्र |
| दोस्रो भण्डारण केन्द्र (मियाको-ओओहासी मुनि) | क्षेत्रीय पूर्वाधार विकास डिभिजन २ भित्रका निम्न ठेगाना<br>•कामाता १-५ चोमे •कामाता होनचो १-२ चोमे |
| तेस्रो भण्डारण केन्द्र (मियाको-ओओहासी मुनि) | क्षेत्रीय पूर्वाधार विकास डिभिजन २ भित्रका निम्न ठेगाना<br>•निसीकामाता १-८ चोमे•सिनकामाता १-३ चोमे<br>•हिगासीयागुची १-३ चोमे<br>•यागुची १-३ चोमे•सिमोमारुको १-४ चोमे•तामागावा १-२ चोमे<br>•चिदोरी १ चोमे (२०,२१,२३)•चिदोरी २ चोमे (५,६,२७,३६,३८-४१)<br>•चिदोरी ३ चोमे (१,२,४-६,८-२५) |
| छैटौं भण्डारण केन्द्र (रोकुगोबासी मुनि) | क्षेत्रीय पूर्वाधार विकास डिभिजन २ भित्रका निम्न ठेगाना<br>•ओमोरी मिनामी १ चोमे (१-२,४,१२-२४)<br>•ओमोरी मिनामी २ चोमे (१८-१९)<br>•नाकारोकुगो १-४ चोमे•निसीरोकुगो १-४ चोमे<br>•हिगासीरोकुगो १-३ चोमे<br>•मिनामीरोकुगो १-३ चोमे•हिगासीकामाता १-२ चोमे<br>•मिनामीकामाता १-३ चोमे<br>•हागीनाका १-३ चोमे•होनहानेदा १-३ चोमे<br>•निसीकोजिया १-४ चोमे<br>•किताकोजिया १-२ चोमे•हिगासीकोजिया १-६ चोमे<br>•हानेदा १-६ चोमे<br>•हानेदाआसाहिचो नं १-१६•हानेदाकुको १-३ चोमे |

## (६) कृपया हिड्दा चुरोट पिउने र चुरोटको ठुटाको फोहोर नगरनुहोला ।

शहरभित्र हिँड्दै चुरोट पिउन, साइकल चलाउँदै चुरोट पिउन र चुरोटको ठुटो आदि बाटोमा फ्याँक्न निषेध गरिएको छ। हिँड्दै चुरोट सेबन गर्ने वा साइकल चलाउँदै चुरोट सेबन गर्दा हातमा भएको चुरोटको आगोले बाटोमा पास हुने मानिसलाई चोटपटक लाग्न सक्छ। साथै चुरोटको ठुटो बाटोमा फ्याँक्दा शहरको सौन्दर्यलाई बिगार्छ। त्यस्ता कामहरू कदापि नगरौं। कृपया शिष्टाचार अनुसरण गरी सफा र सुन्दर शहर निर्माणमा सहयोग गर्नुहोस्।




## (७) वासिन्दाहरुको संगठन (सोसाइटीको संगठन)

जापानका धेरै भागहरुमा प्रत्यक छिमेकमा " वासिन्दाहरुको संगठन/सोसाइटीको संगठन
नामक संस्थाहरु छन। यो एक स्वयमसेवी संगठन हो जस्को लक्ष्य सोसाइटिका ब्यक्तीहरुका बिचमा मैत्रीपूर्ण सम्बन्ध गाँस्नको लागि छर छिमेकको सरसफाई , प्रकोप र अपराध नियन्त्रण जस्ता कृयाकलापहरुउ साथमा गर्न प्रोत्साहन गर्छ साथै राम्रो स्थानिय समुदायको संरचना गर्नको लागि निर्धक्क हाम्रो संस्थामा सामेल हुनुहोस ।



### (८) नयाँ बर्ष र बोन पर्व

जनवरी १ नयाँ बर्षको दिन हो । जनवरी ३ सम्म सबैको बिदा हुन्छ र सबै परिवारका सदस्यहरु भेल भएर संगै मनाइन्छ त्यसैले जनवरी ३ सम्म अस्पातल र पसलहरु बन्द हुन्छन । हामी नयाँ वर्षको शुभकामनाको रूपमा नयाँ वर्षको कार्ड भन्ने पोस्टकार्डहरू आदानप्रदान गर्दछौं। यि कार्डहरु तपाइँ सुविधा स्टोरहरू, सुपरमार्केटहरू, पोस्ट अफिसमा किन्न सक्नुहुन्छ। हामी नयाँ वर्षका शुभकामनाहरूसँग नयाँ वर्षको कार्डहरूमा सिस्टचार का साथै
धन्यवादको शब्दहरू रखी जनवरी १ मा आफ्नो परिवार, मित्र र हामीप्रती दयालु ब्यक्तीहरु सम्म पुग्ने गरी पठाइन्छ। प्राय ब्यक्तिहरु अगस्त १३-१५ मा बोन पर्व मँनाउन बिदा लिएका हुन्छन । आफ्न पुर्वजहरुको सम्झनाको लागि मनाइन्छ । पार्क अथवा मन्दिरको बिचमा एउटा टावर राखेको हुन्छ जश्को वारीपरी सन्स्कृतिक संगीतमा नृत्य गर्छन् । यो पर्वमा आफ्नो छिमेकीसँगँ घुलमेलको अवसर पाउनु हुन्छ ।




## २ बिध्युत ,ग्यास र खानेपानी

### (१) बिधुत

【सोधपुछ】टोक्यो बिजुली पावर कम्पनी (टेपको) ग्राहक सेवा केन्द्र
☎0120-995-001


सोम- शनि ( राष्ट्रिय विदाका दिनहरु बाहेक )९:००- १७ :००
उपयोगीता:
बसाइँ सरेर प्रयोग गर्नु अघि निवेदन दिनुपर्छ।
सेवा प्राप्त गरेको दिनदेखी बिधुत प्रयोग गर्नको लागि मेन स्वीच अन गर्नुहोला ।
कृपया विवरणका लागि टोक्यो इलेक्ट्रिक पावर कम्पनी मा संपर्क गर्नुहोला ।
※ टोक्यो इलेक्ट्रिक पावर कम्पनी दुवार प्रदान गरिएको बिधुत सेवाको लागि यो प्रकृया अपनाउनु होला तर अर्कै कम्पनिको प्रयोग गर्दा सोही कम्पनिमा संपर्क गर्नुहोला ।

### (२) ग्यास

【सोधपुछ】टोकियो ग्याँस ग्राहक केन्द्र ☎0570-002211
※ पि एच एस / आ ई पी फोन ☎03-3344-9100
सोम. - शनि ९:०० - १९:०० आइत र राष्ट्रिय बिदाहरूमा ९:०० -१७:००

उपयोगीता:
ग्यास प्रयोग गर्नु अगाडि, ग्यास कम्पनीबाट एक कर्मचारी आएर ग्यासको भल्भ खोलिदिन्छन । ग्यास आवश्यकहुने १ हफ्ता अगाडि टोक्यो ग्यास कम्पनीमा संपर्क गर्नु होला। कम्पनिली एक कर्मचारीलाई नि : शुल्क भल्भ खोल्न पठांउछ ।
※ टोकियो ग्याँस दुवार प्रदान गरिएको बिधुत सेवाको लागि यो प्रकृया अपनाउनु होला तर अर्कै कम्पनिको प्रयोग गर्दा सोही कम्पनिमा संपर्क गर्नुहोला ।

ग्यास गनाएको खन्डमा तुरुन्तै ग्यास निभाउनुहोला!
१ झ्याल र ढोका खोल्नुहोस।
२ ग्याँस भल्भहरु बन्द गर्नुहोस्।
३ साथै, मुख्य ग्यास लाइन मीटर बन्द गर्नुहोस्।
※ बत्ती र पंखाका स्विचहरू नछुनुहोस्।
(स्विच अन र अफ गर्दा सानो झिल्काहरु देखिन सक्छन्।)
ग्याँस लीक भएमा फोन ☎0570-002299 ( २४ घन्टा उपलब्ध)
※ नेविगेशन डायलबाट संपर्क नभएमा
(आईपी फोन वा विदेशबाट संपर्क टेलिफोन) ☎03-6735-8899



## (३) खानेपानी

【सोधपुछ】टोक्यो महानगरपालिका वाटरवर्क ब्यूरो ग्राहक केन्द्र
☎03-5326-1101

सोम. ~ शनि (आईतवार र सरकारी बिदाहरूँ बाहेक) ८:३० -२०:००
※ आकस्मिक अवस्थामा र पानी लीक भएमा २४-घन्टा सेवा उपलब्ध छ।

उपयोगीता:
खानेपानी आवश्यकहुने३ देखी ४ दिनअगाडि टोक्यो महानगरपालिका वाटरवर्क ब्यूरो ग्राहक केन्द्रमा सम्पर्क गर्नुहोस्। तपाईं अनलाइन आवेदन पनि दिन सक्नुहनेछ ।

## (४) टेलिफोन

डायल कसरी गर्ने
◯अन्तरराष्ट्रिय कलहरु :
दुरसन्चारद्वरा प्राप्त एक्सेस नम्बर + ०१० ( अन्तरराष्ट्रिय डायल पहिचान नम्बर) + देशको कोड + क्षेत्रको कोड + स्थानीय नम्बर क्रम अनुसार डायल गरी फोन गर्नुहोस। कृपया एक्सेस नम्बर आफ्नो दुरसन्चारसँग सुनिस्चित गर्नुहोस ।
◯आन्तरिक कलहरु :
क्षेत्र को कोड नम्बर + फ़ोन नम्बर
उदाहरण) ☎03-1234-5678
टोकियो क्षेत्रको कोर्ड

## ३ सवारी वा मोटरसाइकल चलाऊदा

【सोधपुछ】 महानगरीय प्रहरी होमपेज
यहाँ गाडी अथवा मोटरसाइकल चलाऊदा लाइसेन्स आवश्यक हुन्छ

### (१) तपाईंको विदेशको लाइसेन्स मान्यता प्राप्त छ भने

३ महिना वा सो भन्दा बढी समय लाइसेन्स प्राप्त गरेको देशमा बसेको पुस्टी गर्न सकेमा । जेनेभा ट्रिटी अन्तरगत कुनै पनि सदस्य देशले जारी गरेको "मान्यता प्राप्त अन्तरराष्ट्रिय चालक लाइसेन्स छ भने तपाईं जापानमा गाडी चलाऊन सक्नुहुन्छ ।

### (२) जापानिज चालक लाइसेन्स मा परिवर्तन गर्दा :

विदेशको चालक लाइसेन्स छ र तल दिईएका २ मापदन्ड पुर गर्न सकेमा , चालक लाइसेन्स केन्द्रमा गएर आफ्नो लाइसेन्स लाई जापानिज लाइसेन्समा परिवर्तन गर्न सकिन्छ ।

- तपाईंको विदेशको लाइसेन्स मान्यता प्राप्त छ भने
- विदेशमा सवारी चालक लाइसेन्स प्राप्त गरेकै दिनदेखि जम्मा ३ महिना भन्दा बढी समय सोही देशमा बसेको कुरा पुष्टी गर्न सक्नु पर्दछ।

*सवारी चालक लाइसेन्स केन्द्रमै रुपान्तरण गर्ने तरिकाबारे चाहिँ माथि उल्लेखित [सोधपुछ] -लाई सम्पर्क गरेर पक्का गर्नुहोस्।

## ४ दैनिक जीवनको बारेमा अन्य जानकारी

### (१) फोहोर को वर्गिकरण

【सोधपुछ】फोहोर संकलन कार्यालयहरु
ओमोरी सरसफाई अफिस ☎03-3774-3811
कामाता सरसफाई अफिस (चोफु क्षेत्र) ☎03-6459-8201
कामाता सरसफाई अफिस (कामाता क्षेत्र) ☎03-6451-9535
स्वच्छता डिभिजन ☎03-5744-1628

### (१) फोहोर छुट्ट्याउने प्रकृया

घरको फोहोर(प्रयोग गरिएको कागज, बोतलहरु , टिनका डिब्बाहरु , पेट बोतलहरु, खानाको किस्तीहरु )लाई पुन: नविकरण गर्न सकिने फोहोर मानिन्छ । फोहोर सन्कलन गर्दा जलाउन मिल्ने , जलाउन नमिल्ने, ठुला सामानहरु छुट्याएर सन्कलन गर्नुपर्छ । फोहोर फाल्ने दिन र समय आफु बसेको ठाँउ अनुसार फरक पर्नेछ ।
फोहोर सन्कलन गर्न गह्रो हुनसक्छ । त्यसैले " जलाउन मिल्ने र नमिल्ने फोहोर कसरीइ छुट्याउने र फाल्ने " पम्प्लैट हेर्नुहोस।



## फोहोर को वर्गिकरण र डिस्पोजल

भाषा: अङ्ग्रेजी, चाइनीज़, हङ्गुल, फिलिपिनो, नेपाली, भियतनामी
पाइने स्थानहरु: सिटी हल को प्रमुख भवन , सखा कार्यालयहरु(प१७) ,
फोहोर संकलन कार्यालय(प२७)
प्रकाशक: ओता शहर स्वच्छता डिभिजन

## (२) ठुला सामन फाल्नु पर्दा :

【सोधपुछ】ओता शहर ठुला सामन उठाउने केन्द्र ☎0570-037-530

उपलब्ध भाषा: अङ्ग्रेजी, चाइनीज़, हङ्गुल, पोर्तुगीज, स्पेनिश, थाई, भियतनामी
(अङ्ग्रेजी, चिनियाँ, हङ्गुल)
८:००-१९ :०० ( डिसेम्बर २९ - जनवरी ३ र मेन्टेनेन्स दिन बाहेक )
( जस्तै: फर्निचर , विधुतिय उपकरण एक साइड , ३० सेन्ची वा सो भन्दा बढीको सामान फाल्दा संपर्क गर्नुहोला । यस्ता सामान फाल्दा शुल्क तिर्न पर्नेछ । गैरकानुनी रूपमा यस्ता फोहोर फालेमा जरिवाना लाग्ने छ । नियम पुर्वक फोहोर फाल्नु होला ।

ठुला सामन फाल्ने प्रकृया

| | |
|---|---|
| १ निबेदन (फोन वा इन्टरनेट मार्फत) | |
| २ फोहोर फाल्ने टिकट खरिद | सुपर मार्केट वा कोन्भिनिमा किन्न पाईन्छ |
| ३ फोहोर फाल्ने | फाल्ने सामान्मा टिकट टांसी फाल्ने दिन तोकिएको स्थानमा बिहान ८ बजे भित्र फाल्नुपर्छ । |

## (३) घरायसी बिधुत उपकरणको रिसाइकल

【सोधपुछ】केन्द्र को रिसेपसन ☎0570-087-200
○रिसैप्सन समय ; सोम-शुक्रबार ९;००-१७;००

AC, वासीङ मसिन , ड्रायर , फ्रीजहरु , अनिवार्य रूपमा रिसाइकल गर्नुपर्नेछ । नयाँ सामन खरिद गर्ने पसलामा पुरनो सामानको रिसाइकल बारे सोध्नुहोला । रीसाइकल पसल फेला नपरेमा घरायसी बिधुत उपकरण केन्द्रको रिसेपसनमा फोन गर्नुहोला । यी वस्तुहरु सीटीले उठाउने छैन । रिसाइकल शुल्क र सङ्कलन ढुवानी शुल्क लाग्छ।

## (४) पुन प्रयोग गर्न मिल्ने फोहोरहरुको बर्गिकरण र ब्यबस्थापनको लागि स्मार्टफोन एप

【सोधपुछ】ओता शहर ठुला सामन उठाउने केन्द्र ☎03-5744-1628

फोहोर कहिले र कसरी फाल्ने भनेर कहिल्यै समस्यामा पर्नुभएको वा अन्योलमा पर्नुभएको छ?

ओता शहरले फोहोर सङ्कलन गरिने दिन र फोहोर फाल्ने तरिका, फोहोर निकालेर राख्दा ध्यान दिनुपर्ने कुराहरू, फोहोरको किसिमअनुसार छुट्याएर फाल्ने तरिकाबारे व्याख्या गर्ने फोहोर वर्गीकरण कोश, प्रायः सोधिने प्रश्नहरू आदि विभिन्न प्रश्न र उत्तर

सजिलैसँग थाह पाउन प्रयोग गर्न सकिने एउटा एप उपलब्ध गराएको छ।
जापा नीका साथै अङ्ग्रेजी, चिनियाँ, हङ्गुल, नेपाली, तागालोग र भियतनामी भाषाका संस्करणहरू पनि उपलब्ध छन्। कृपया यो एप उपयोग गर्नुहोस्।

Ota City Garbage Separation | खोज्नु

## (२) हुलाक सेवा

जापान पोस्ट

【सोधपुछ】हुलाक सम्बन्धी सोधपुछ : ☎0120-23-28-86

•मोबाईल ☎0570-046-666

•अंग्रेजी भाषा ☎0570-046-111

सोम - शुक्र ८:००- २१:०० शनि, आईत र बिदामा ९:०० -२१:००

### (१) ओता शहरका प्रमुख हुलाक कार्यालयहरु


ओमोरी - ३-९-१३ सन्नो , ओता शहर
कामता - १-२-८ कामता , ओता शहर
देन-एन-चोफु - २-२१-१ मिनिमी युगुगया, ओता शहर
चिदोरी - २-३४-१० चिदोरी, ओता शहर

### (२) हलक कार्यालय खुल्ने समय

सोम- शुक्र ९:०० -१७:००
(केही कार्यालय शनि, आईत तथा मध्य रातमा पनि खुल्ला रहनेछन

### (३) पत्र मन्जुसा:

पोस्टकार्ड वा चिट्ठी राष्ट्रिय वा अन्तरराष्ट्रिय स्थानहरुमा पठाउन टिकट टांसी रातो पत्र मन्जुसामा हाल्नुहोला । पत्र मन्जुसामा दुईता पुवाल हुन्छन : एक पोस्टकार्ड र चिट्ठीको लागि , अर्को अन्य प्रायोजनका लागि ( बेसाइजका चिट्ठी, अन्तरराष्ट्रिय एक्स्प्रेस आदी ) हुलाक सेवा मार्फत ठुला साइजका पोस्ट पनि पठाउन सकिन्छ ।




### (४) अन्तरराष्ट्रिय हुलाक सेवा :

अन्तरराष्ट्रिय पर्सालका लागि EMS ( एक्स्प्रेस मेल सर्भिस ), हावाई पत्र, SAL (हावा मेल) जाहाज पारवहान जस्ता सुबिधा छन । प्रतेक फरक फरक शुल्क र समय लाग्नेछन।

### (५) हलाकी घर आउँदा अनुपास्थित भएमा :

पोस्ट वा पार्सल लिएर हुलाकी घर आउँदा यदी प्रापक अनुपास्थित भएमा सो पोस्ट वा पर्सल कार्यालयमा फिर्ता जानेछ र तेसको जानकारी मेलबक्समा राखिनेछ। उक्त पर्सल/पोस्ट कार्यालयमा एक हफ्तासम्म राखिने छ । मेल बक्स राखिएको जानकारी पत्र ,ID कार्ड र ईन्कान (छ भने ) लिएर एक हफ्तासम्म कार्यालयमा लिना जानुहोला । आर्के समयमा हुलाकी मार्फत सो पोस्ट/पर्सल घरमा लिन चाहना भएमा सो जानकारी पत्रमा उल्लेख गरिएको ठांउमा आफुले चाहेको मिति , समय र स्थान भरेर पत्र मन्जुसामा खसाउनु होला ।

### (३) बैंक

बैंकमा तपाईं बचत खाता खोल्ने र विदेशमा पैसा पठाउन सक्नुहुन्छ । बैंक अनुसार सेवा फरक फरक हुनेछन । विस्त्रित जानकारीको लागि सो बैंकमा संपर्क गर्नुहोला । कसरीइ छुट्याउने र फाल्ने " पम्प्लेट हेर्नुहोस।

## (४) आवास

### (१) सार्वजनिक आवास

महानगरपालिकाले सरकारी आवास प्रदान गर्छ । घर को प्रकार र निवेदनको समय अनुसार घर प्राप्त गर्ने योग्यता र समयको निर्धारण गरिन्छ । विस्त्रित जानकारीको लागि तल हेर्नुहोस ।

| प्रकार | सोधपुछ |
|---|---|
| शहरको आवास | ओता वार्ड रिजर्भेसन ब्यवस्थापना केन्द्र ☎03-3730-7325 |
| वरिष्ठ नागरिक हाउजिङ | वरिष्ठ नागरिक हाउजिङ व्यवस्थापन सर्विस काउन्टर ☎03-5744-1346 |
| टोकियो महानगरीय आवास | टोक्यो महानगरीय सरकारद्वारा सञ्चालित आवास भर्ती केन्द्र ☎03-3498-8894 |

### (२) व्यक्तिगत आवास भाडामा

घर जग्गा एजेन्टको सहयोगले घरधनीसँग सम्झौता गरी प्रत्येक महिना भाडा बुझाई घर भाडामा लिन सकिन्छ।
निवास योग्यता प्राप्त विदेशी भएको परिवारलाई सहयोगी घर जग्गा एजेन्टको सूची वितरण गर्ने र घर भाडा ग्यारेन्टी कम्पनी आदिको जानकारी दिने जस्ता घर-कोठा खोज्नको लागि सहायता गरिने प्रबन्ध छ।
【सोधपुच】आवास परामर्श काउन्टर ☎03-5744-1343
○उपलब्द समय सोम देखि शुक्र (सार्वजनिक बिदाको दिन, वर्षको अन्त र वर्षको सुरुका दिनहरूबाहेक) ८:३० देखि १७:००
【घर खोज्ने देखी सर्ने सम्मको क्रम】
○भाडा लिन को लागि घर पत्ता लगाउन
【कसरि घर पत्ता लगाउने】
•ईन्टरनेटमा खोज्नुहोस्
•घर लिन इच्छा भएको स्थानको घर जग्गा एजेन्टकहाँ जानुहोस्।
○सम्झौता
【सम्झौतामा हस्ताक्षर गर्ने बेलामा तिर्न पर्ने पैसा】
५-६ महिनाको भाडा, सम्झौता गर्दा तल दिईएका कुराहरुको लागि पैसा बुझाउनु पर्नेछ।
•सुरक्षा डिपोजिट : घरधनीलाई सम्झौता गर्दा तिर्नुपर्ने । उक्त रकम भाडा नभएर भाडावाल ले घर छोडेपछी मर्मतका लागि चाहिने रकम को रूपमा घर धनीको हुनेछ । बाँकी रकम शर्तनामा सकिए पछी भाडावाल लाई फिर्ता दीईनेछ ।
•मुख्य पैसा : सुरक्षा पैसा बाहेक नै घर धनीलाई दिइने पैसा हो । यो पैसा सम्झौता सकिए पछी पनि फिर्ता हुने छैन ।
•कमिसन ; यो पैसा तपाईंले घर जग्गा एजेन्टलाई दिने शुल्क हो।
【जमानी】
ब्यभिचारी : जापानमा निजी घर पाउनका लागि आफ्नो ब्यभिचारी हुनु आवश्यक

छ । यदी ब्यभिचारी पाउनु भएन भने भाडाको ग्यारेन्टी कम्पनिको प्रयोग गर्नुपर्छ ।

बसाई सराइं : जापानमा बसाई सराइं गर्दा सम्झौता को साथमा तल दीईएका परिस्थिती हरुको पनि ध्यान दिनु पर्नेछ

○ बसाई सर्दा

बसाई सर्दा , आवासिय अनुबन्धको साथै वासिन्दको बसाइ को स्ट्याटसाका निम्न बुँदाहरुको पालना गरिएको निस्चित गर्नुहोस ।

- तोकिएको समयमा तोकिएको दिनमा फोहोर फाल्ने ।
- खाना पकाउँदा आफ्नो कोठाबाट कडा गन्ध छिमेकीकोमा नजाओस भनी सचेत रहने
- सर्तनामामा उल्लेख गरेको डेरावालमात्र बस्ने अन्य मानिस हरुलाई त्यही कोठामा बस्न मनाही छ ।
- घर धनीको इजाजत बिना आफुले लिएको कोठा अन्य ब्यक्तीलाई दिने लिने नगर्ने ।
- होहल्ला नगर्ने ।

### (५) उपभोक्ता परामर्श :

【सोधपुछ】उपभोक्ता केन्द्र परामर्श हटलाइन ☎03-3736-0123

○ परामर्श स्वागत सोम देखि शुक्र ९:०० देखि १६:३०

○ शनिबार, आइतबार र राष्ट्रिय छुट्टी / प्रान्तको केन्द्रले सेवा दिनेछ

(उपभोक्ता हटलाइन ☎188)

सामान वा सेवा सम्बन्धी स्थानीय वासिन्दाहरुको समस्याका बारेमा हटलाइन मार्फत सल्लाह- सुझाव प्रदान गरिनेछ । आवश्यकता अनुसार यो केन्द्रले उपभोक्ता र ब्यापारी बिचको मध्यस्तकर्ताको काम पनि गर्नेछ ।

### (६) कुकुरको बारेमा सूचना

【सोधपुछ】क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

सम्पूर्ण कुकुरका मालिकहरुले कुकुरको दर्ता गरी वार्षिक रूपमा नियम बमोजिम रेविज को खोप अनिवार्य लगाउनु पर्नेछ(रेबिस रोकथाम अधिनियम)।

#### (१) कुकुर पाल्ने अनुमतिपत्र

वातावरण मन्त्रालयले तोकेको दर्ता संस्थामा माइक्रो टिप दर्ता गरिएको कुकुरको लागि तल उल्लेखित (आ), तर त्यही दर्ता नगरिएको कुकुरको लागि (इ) पूरा गर्न अनिवार्य छ।

(आ) वातवरण मन्त्रालयले तोकेको दर्ता संस्थामा माइक्रो टिप दर्ता गरिएको कुकुर माइक्रो टिप दर्ता गरिएकोले वार्ड कार्यालयमा दर्ता गर्नु पर्दैन। त्यो माइक्रो टिपले "इनु खानसाचु" को काम गर्छ।
त्यो कुकुर मर्दा वा दर्ता गरिएको जानकारीमा परिवर्तन हुँदा (जस्तै: ठेगाना परिवर्तन हुँदा) वातावरण मन्त्रालयले तोकेको दर्ता संस्थाको वेबसाइटमा माइक्रो टिप दर्ता जानकारी संशोधन गर्नुहोस्।

(इ) वातावरण मन्त्रालयले तोकेको दर्ता संस्थामा माइक्रो टिप दर्ता नगरिएको कुकुर ९१ दिन वा सो भन्दा बढी उमेरका सबै कुकुरहरुको दर्ता अनिवार्य रूपमा गर्नु पर्नेछ। कुकुरको दर्ता पस्चात सबै कुकुरका मालिकहरुलाई अनुमती ट्याग " इनुकानसात्सु" जारी गरिनेछ। अनुमती ट्याग कुकुरको शरीरमा हरसमय हुनु आवश्यक छ । अनुमती ट्याग गुमाएको अवस्थामा प्रतिस्थापनका लागि आबेदन दिनु पर्नेछ । तपाईं को कुकुर मरेमा

वा कुनै पनि पुर्व जानकारीमा परिवर्तन आएमा जस्तै स्थानानतरण गरेमा स्वास्थ्य हेरविचार विभागलाई सुचित गर्नुहोस।

◯ह्यान्डलिंग शुल्क

| दर्ताको विवरण | दर्ता शुल्क |
|---|---|
| कुकुरको नयाँ दर्ता /<br>लाईसेन्स ट्याग इनुकानसात्सु को जारी शुल्क | ३००० रुपैया |
| इजाजतपत्र ट्यागको पुन: जारी शुल्क | १६०० रुपैया |

## (२) रेविज बिरूध इन्कोलेशन

सबै कुकुर मालिकहरुले वार्षिक रूपमा रेबिज बिरूध खोप लगाउनु पर्नेछ ,खोप लगाइएको कुकुर हो भन्ने जानकारीका लागि खोप पस्चात प्राप्त गरेको इनोकुलेसन ट्याग कुकुरलाई लगाइ राख्नु होल। वर्तमान वर्षमा इनोकुलेसन ट्याग हरएमा पुन : पाउन को लागि निबेदान दिनु होल।

◯ रेविज -इनक्युलेसन ट्यागका लागि लगाइने हैंडलिंग शुल्क

| दर्ताको विवरण | दर्ताको विवरण |
|---|---|
| रेविज -इनक्युलेसन ट्याग जारी गर्न लगाइने शुल्क | ५५० रुपैया |
| रेविज -इनक्युलेसन ट्याग पुन: जारी गर्न लगाइने शुल्क | ३४० रुपैया |

## (३) घरपालुवा जनवारको मालिकहरुले पालन गर्नु पर्ने नियम र शिष्टाचारहरु

हाम्रो समाजमा घर पालुवा जनावर भएका र घर पालुवा जनावर नरुचाउने सम्पूर्ण ब्यक्तिहरु मिलेर आरामदायी जीवन बिताउनका लागि सबैको सहकारीताको अपेक्षा राखेका छौं । धैरै ब्यक्तीहरुको जमघट हुने ठाउँ तथा सार्वजनिक स्थानहरुमा कुकुर डुलाउन निस्किदा, त्यहाँ उपस्थित ब्यक्तीहरु प्रती विशेष बिचार पुऱ्याउनु होला ।

◯आफूले पालेको कुकुरसँग बाहिर निस्किनु अघि उसलाई सकेसम्म घरमै दिसा-पिसाब गराउनुहोस्।

◯कुकुर लिएर बाहिर डुल्न निस्किदा कृपया कुकुर को दिसा र पिसावलाई स्व्यम ब्यवस्थित गर्नुहोला ।

◯कुकुर लिएर बाहिर डुल्न निस्किदा कृपया कुकुरको पट्टालाई बलियो सँग समतेर निस्किनुहोला ।

◯कुकुरको भुकाइ र अन्य समस्याहरूक नियन्त्रण र कम गर्नका लागि कृपया आफ्नो कुकुरलाई तालिम दिनुहोस् ।





## (४) घरपालुवा जनवारको बारेमा सोधपुछ ।

| सोधपुछको विवरण | | सोधपुछ डेस्क |
|---|---|---|
| कुकुरले टोकेमा | | स्वच्छता र सार्वजनिक स्वास्थ्य डिभिजन ☎03-5764-0670 |
| कुकुर र बिरालोको नसबंदी र उत्सर्जनको लागि आंशिक सहयोग | | |
| कुकर र बिरालो हराए / कुकुर र बिरालोकोको संरक्षण | | स्वच्छता र सार्वजनिक स्वास्थ्य डिभिजन ☎03-5764-0670<br>क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)<br>पशु संरक्षण र परामर्श केन्द्र, टोक्यो महानगरीय सरकार ☎03-3302-3507 |
| घाइते भएका कुकुर र बिरालाहरु फेला परेमा | | पशु संरक्षण र परामर्श केन्द्र, टोक्यो महानगरीय सरकार ☎03-3302-3507 |
| पशुको लास फेला परेमा | निजी सम्पत्तीमा फेला परेमा | फोहोर संकलन कार्यालय (प२७) |
| | सार्वजनिक स्थलमा पशुको लास फेला परेमा प्रशासकले सम्भाल्ने छन । | नगरपालिकाको सडकमा लास फेला परेमा क्षेत्रीय आधारभूत संरचना विकास डिभिजन (प१६) |
| | | महानगरीय सडकहरुमा लास फेला परेमा फोहोर संकलन कार्यालय ले जिम्मा लिनेछ (प२७) |
| | | राष्ट्रिय सडकहरूमा फेल परेमा सिनगव शाखा, नेशनल रोड ब्यवस्थापन कार्यालय,निर्माण र परिवहन मंत्रालयले जिम्मा लिने छ ☎03-3799-6315 |

## (७) ओता वार्ड होमपेज

【सोधपुछ】

सार्वजनिक सुनुवाइ र सार्वजनिक सम्बन्ध डिभिजन

☎03-5744-1132

वार्ड प्रशासन सम्बन्धी ताजा जानकारी र काउन्टरमा गरिने कामकुरा आदिबारे जानकारी दिइन्छ। स्क्रिन रिडर, अक्षर ठूलो बनाउने र स्वचालित अनुवाद फन्क्सन पनि राखिएको छ।

## (८) अन्तर्राष्ट्रिय शहर ओता संघ होमपेज

【सोधपुछ】

अन्तर्राष्ट्रिय शहर ओता संघ

☎03-6410-7981

अन्तर्राष्ट्रिय शहर ओता सङ्घको वेबसाइटमा विदेशी नागरिकहरूको लागि दैनिक जीवनको जानकारी, प्रकोपको लागि पूर्वतयारीको जानकारी, जापानी भाषा अध्ययनको परिचय आदि विभिन्न जानकारी प्रस्तुत गरिएको छ। स्वचालित अनुवाद सेवा उपयोग गरेर वेबसाइटको जानकारी अङ्ग्रेजी, चिनियाँ, हङ्गुल र भियतनामी भाषामा पनि दिइएको छ।

## (९) अन्तर्राष्ट्रिय सम्पर्क स्वयम् सेवकको खोजी गरिएको छ।

【सोधपुछ र आवेदन】
अन्तर्राष्ट्रिय शहर ओता संघ
☎03-6410-7981

अन्तर्राष्ट्रिय शहर ओता संघले अन्तर्राष्ट्रिय संगति स्वयम् सेवकको खोजी गरेको छ। विस्तृत जानकारीको लागि होमपेज हेरेर पक्का गर्न वा सोधपुछ गर्न सक्नुहुन्छ।

## (१०) VoiceTra (भ्वाइसट्रा)

यो सुनेको आवाज विदेशी भाषामा अनुवाद गर्ने भ्वाइस ट्रान्सलेसन एप हो। यस एपमा ३१ भाषामा अनुवाद गर्न सकिन्छ र डाउनलोड तथा प्रयोग गर्न कुनै पनि खर्च लाग्दैन। यो एप व्यक्तिगत यात्रीहरूको प्रयोगद्वारा अनुसन्धान गर्ने उद्देश्यले परीक्षणको लागि निर्माण गरिएको हो र यसले अनुसन्धानको लागि राखिएको सर्भर प्रयोग गर्छ।

## टिप्पणी

३